# प्रदेश सभा
# सामाजिक विकास समिति

सुदूरपश्चिम प्रदेश, धनगढी, कैलाली

**बैठक संख्याः**१५

**मितिः**२०८०।०९।०४

## छलफल तथा निर्णय

निर्णय १

सामाजिक विकास समितिको मिति २०८०।०८।२० गते बसेको बैठकको निर्णय नं. १ मा अन्यथा व्यहोरा उल्लेख हुन गएकोले देहाय बमोजिम गर्ने पुनः निर्णय गरियो-

प्रदेश स्वास्थ्य आपुर्ति व्यवस्थापन केन्द्र, धनगढीबाट The procurement supply, delivery & installation of integrated hospital waste management system को बोलपत्र सम्बन्धी कागजातमा प्रयोग गरिएको tender specification का विषयमा समितिमा परेको उजुरीको सम्बन्धमा समितिमा छलफल हुँदा उक्त विषय सम्बन्धी समितिमा विषय विज्ञ नभएकोले सम्बन्धित मन्त्रालयलाई पत्राचार गरी सोहि टेण्डरका विषयमा विषय विज्ञ राखि सार्वजनिक खरिद ऐन, २०६३ सार्वजनिक खरिद नियमावली, २०६४ आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ सार्वजनिक खरिद सम्बन्धी प्रदेश नियमावली, २०७६ अनुसार काम कारवाही भएको छ/छैन? E-Bidding सम्बन्धीका सम्पुर्ण प्रक्रिया पुरा भएको छ/छैन? तथा प्रमाण ऐन, २०३१ बमोजिम आवश्यक कागजात एवं रीत पुगेको छ/छैन? छानविन गरी यस समितिलाई समेत शिघ्र जानकारी हुने गरी कारवाही अगाडी बढाउन सामाजिक विकास मन्त्रालयलाई निर्देशन दिने।

निर्णय २

सेती प्रादेशिक अस्पताल धनगढी, कैलालीमा यस समितिबाट मिति २०८० साल पौष ५ गते दिनको ११:०० बजे अनुगमन गर्ने निर्णय गरियो।

निर्णय ३

समितिको अर्को बैठक मिति २०८० साल पौष ५ गते दिनको ३:०० बजे बस्ने निर्णय गरियो।